August 18, 2026

आकाशवाणी राष्ट्रीय समाचार

मुख्य समाचार

१. **केन्द्रीय वातावरण मन्त्रीले बाह्रौं ब्रिक्स** बैठकको गर्नुभयो अध्यक्षता

२. हरियाणा प्रहरीले पञ्जाबमा अन्तरराज्यीय बाल तस्करी सञ्जालको गर्यो पर्दाफास

३. **विझिंजम अन्तर्राष्ट्रिय बन्दरगाहमा**, प्रत्यक्ष निर्यात र आयात सञ्चालन आजबाट सुरु

४. सरकारले राष्ट्रिय खेलकुद पुरस्कार **दुई हजार पच्चीस** को गर्यो घोषणा

५. ब्याडमिन्टन विश्व च्याम्पियनसिपमा, भारतकी **उन्नती हुड्डा** दोस्रो चरणमा प्रवेश

## Bhupender Yadav BRICS

**केन्द्रीय वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले** नयाँ दिल्लीको **भारत मण्डपममा** आयोजित **बाह्रौं ब्रिक्स** वातावरण मन्त्रीहरूको बैठकको अध्यक्षता गर्नुभयो। बैठकको उद्देश्य ब्रिक्स राष्ट्रहरू बीच वातावरणीय सहयोगलाई सुदृढ पार्न सहमतिलाई बढावा दिनु हो। दुई दिने बैठकले सदस्य देशका मन्त्रीहरू, वरिष्ठ अधिकारीहरू, नीति निर्माताहरू र विज्ञहरूलाई दिगो भविष्य र वातावरणीय सहयोगको लागि ठोस छलफलमा संलग्न हुन मञ्चको रूपमा काम गरेको छ। भारतको ब्रिक्स अध्यक्षता **दुई हजार छब्बीस**-को विषयवस्तु- समायोजन, नवप्रवर्तन, सहयोग र दिगोपनको लागि निर्माण हो। श्री यादवले बैठकलाई सम्बोधन गर्दै भारतले, **दुई हजार पाँच** र **दुई हजार बाइस**-को बीचमा प्रदूषण उत्सर्जन तीव्रतालाई **सैंतीस प्रतिशतभन्दा** बढीले घटाएको बताउनुभयो। श्री यादवले ब्रिक्स सदस्य देशहरूका प्रतिनिधिमण्डलका प्रमुखहरूसँग मिलेर ब्रिक्स वातावरण कार्य समूहद्वारा तयार पारिएका **चार ज्ञान संग्रहहरू अनावरण** गर्नुभयो। यी कागजातहरूले ब्रिक्स सदस्य देशहरू बीचको अग्रणी अभ्यास, ज्ञान प्रणाली र नवप्रवर्तनहरूलाई प्रतिबिम्बित गर्दछ।

## Kiren Rijiju-FCRA

**संसदीय मामिला मन्त्री किरेन रिजिजुले** विपक्षी दलहरूले भोट बैंक राजनीतिको लागि **विदेशी योगदान (नियमन) संशोधन विधेयकमा** गलत सूचना फैलाएको आरोप लगाउनुभएको छ। उहाँले यस विधेयकले विदेशी कोष प्रवाहमा पारदर्शिता ल्याउने र संयुक्त संसदीय समितिमा पठाउनु उत्कृष्ट निर्णय भएको एक निजी समाचार एजेन्सीलाई दिएको अन्तर्वार्तामा बताउनुभयो।

## Haryana child trafficking

हरियाणा प्रहरीले पञ्जाबमा अन्तरराज्यीय बाल तस्करी सञ्जालको पर्दाफास गरेको छ। चार महिनाभन्दा बढीको खोजपछि **मुख्य अभियुक्त, परगत सिंह**-लाई **मुक्तसर (पञ्जाब)** बाट पक्राउ गरिएको छ। प्रहरीले संकलन गरेको जानकारी अनुसार यस सञ्जालले भारतभरि **पचास** शिशुहरू बेचेको छ। हालसम्म **एकाइस** जनालाई पक्राउ गरिएको छ जसमा **पाँच** अभिभावकहरू पनि समावेश छन् जसले अवैध रूपमा बच्चाहरूलाई धर्मपुत्र बनाएका थिए। यो सञ्जाल **पञ्जाबदेखि महाराष्ट्र, गुजरात र सिलिगुडी लगायत दस भन्दा बढी** राज्यहरूमा फैलिएको छ। थप अनुसन्धान जारी छ र प्रहरीले शिशुहरूको जैविक अभिभावक पनि पत्ता लगाउने प्रयास गरिरहेको छ।

## ED-KPSC

**प्रवर्तन निर्देशनालय-ले कर्नाटाका-का** धेरै स्थानहरूमा, कथित **कर्नाटका लोक सेवा आयोग**, के.पी.एस.सी पेपर चुहावट घोटालासँग सम्बन्धित मामिलामा खोजी कार्य गरेको छ। के.पी.एस.सी-का पूर्व अध्यक्ष शिवशंकरप्पा एस साहुकरमाथि परीक्षा पेपर चुहावट, ओएमआर पानाहरूसँग छेडछाड र सरकारी पशु चिकित्सा अधिकारीहरू भर्ती गर्न प्रति उम्मेदवार सत्तरी देखि अस्सी लाख सम्म घुस माग गरेको आरोप छ।

## Dergaon-Dimapur Pipeline

**केन्द्रीय पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्री हरदीप सिंह पुरीले** आज **डेरगाउँ-दिमापुर पाइपलाइन** सञ्चालनमा आए लगत्तै, **नागाल्याण्ड** अब उत्तर पूर्व ग्यास ग्रिड र राष्ट्रिय ग्यास ग्रिडमा जोडिएको बताउनुभयो। श्री पुरीले सामाजिक सञ्जालको एक पोस्टमा, यो सञ्चालन उत्तर पूर्वलाई भारतको विकास इन्जिन बनाउने दिशामा एक ऐतिहासिक कदम भएको र यस क्षेत्रलाई एकीकृत ग्यास-आधारित अर्थतन्त्रको नजिक ल्याउने बताउनुभयो।

## Deputy Chief of Army Staff

**सेनाका उपप्रमुख लेफ्टिनेन्ट जनरल राहुल आर सिंह-ले**, युद्धको विकसित प्रवृतिले गर्दा, **सशस्त्र बलका** लागि उदीयमान प्रविधिहरूको द्रुत अनुकूलन र एकीकरणलाई अनिवार्य बनाएको बताउनुभयो। उहाँले आज नयाँ दिल्लीमा निगरानी र **इलेक्ट्रो-अप्टिक्स** सम्बन्धी भारतीय सैन्य समीक्षालाई सम्बोधन गर्दै, युद्धमा विशेष गरी **दुई हजार बीस** देखि द्रुत र गहिरो रूपान्तरण भएको जानकारी दिनुभयो। श्री सिंहले निगरानी अन्तरिक्ष-आधारित सम्पत्तिहरू, वायुजनित प्लेटफर्महरू, मानवरहित हवाई सवारी साधनहरू, संकेतहरू र मानव बुद्धिमत्ता, र समुद्री प्रणालीहरू समावेश गर्ने बहु-स्तरीय वास्तुकलामा विकसित भएको पनि बताउनुभयो।

## J&K- Pak

पाकिस्तान प्रशासित जम्मू कश्मीरमा बढ्दो अशान्तिको क्रममा, **युनाइटेड कश्मीर पिपुल्स नेशनल पार्टीले** यस क्षेत्रमा पाकिस्तानी सेनाद्वारा गरिएको मानवअधिकार उल्लङ्घनप्रति अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराएको छ। **यु.के.पी.एन.पी-ले** नागरिक मृत्यु र घाइते, मनमानी गिरफ्तारी, जबरजस्ती बेपत्ता र सञ्चार अवरुद्ध भएको रिपोर्टमा गम्भीर चिन्ता व्यक्त गरेको छ।

## Keralam Vizhinjam

**केरलममा, विझिंजम अन्तर्राष्ट्रिय बन्दरगाहमा**, प्रत्यक्ष निर्यात र आयात सञ्चालन आजबाट सुरु भएको छ। यो पहल, क्षेत्रको समुद्री व्यापारको लागि एक महत्वपूर्ण उपलब्धि हो। **मुख्यमन्त्री वी. डी. सतीसन-ले** विझिंजमबाट, युरोपका लागि दुई कन्टेनर पठाउँदै पहिलो ढुवानीको सुरुवात गर्नुभयो।

## MP-Accident

मध्य प्रदेशको भिण्ड जिल्लाको **ग्वालियर-भिण्ड-इटावा राजमार्ग सात सय उन्नाइस** मा हिजो राति पिकअप भ्यान ट्रकसँग ठोक्किँदा **आठ जनाको मृत्यु** भएको छ भने **तेइस जना घाइते** भएका छन्। प्राप्त जानकारी अनुसार, **भिण्डको गोहाडबाट उत्तर प्रदेशको लखीमपुर खेरीस्थित** आफ्नो घर जाँदै गरेका मजदुरहरू दुर्घटनामा परी **आठ जनाको घटनास्थलमै मृत्यु** भएको छ भने अन्य **तीन जनाको उपचारको लागि ग्वालियर लैजाने क्रममा मृत्यु** भएको छ। प्रहरीले घटनाको कारण पत्ता लगाउन मुद्दा दर्ता गरेको छ र अनुसन्धान सुरु गरेको छ।

## IMD

भारतीय मौसम विभाग-ले आज **झारखण्ड, बिहार, छत्तीसगढ, पूर्वी मध्य प्रदेश, हिमाचल प्रदेश, ओडिशा र उत्तर प्रदेशमा** भारी देखि धेरै भारी वर्षा हुने पूर्वानुमान गरेको छ। मौसम विभागका अनुसार, आगामी **दुई दिनमा उत्तराखण्ड, पश्चिम बंगाल, जम्मू र कश्मीर, लद्दाख, तमिलनाडु, पुडुचेरी, कराइकल र भारतको उत्तर-पूर्वी भागहरूमा** पनि यस्तै मौसम अवस्था रहने अपेक्षा गरिएको छ।

## National Sports Awards 2025

सरकारले राष्ट्रिय खेलकुद पुरस्कार **दुई हजार पच्चीस** को घोषणा गरेको छ। भारतकी महिला ब्याडमिन्टन डबल्स जोडी, **ट्रीसा जोली र पुलेला गायत्री गोपीचन्द** सहित विभिन्न क्षेत्रका पन्ध्र अन्य खेलाडीहरूलाई खेलकुदमा उत्कृष्ट प्रदर्शनको लागि अर्जुन पुरस्कार प्रदान गरिनेछ। भारतीय फुटबल खेलाडी **यशैया अरुमैनयगमलाई** अर्जुन पुरस्कार (जीवनकाल) बाट सम्मानित गरिनेछ। एथलेटिक्स प्रशिक्षक **परवीर सिंह,** बक्सिङ प्रशिक्षक **छोटे लाल यादव** र सुटिङ प्रशिक्षक **नेहा नन्दकुमार चौहान**लाई द्रोणाचार्य पुरस्कार प्रदान गरिनेछ भने **आर्मी प्यारालिम्पिक नोड, पुणेलाई** राष्ट्रिय खेल प्रोत्साहन पुरस्कारबाट सम्मानित गरिनेछ।

## BWF

BWF ब्याडमिन्टन विश्व च्याम्पियनसिपमा, भारतकी **उन्नती हुड्डाले** नयाँ दिल्लीको इन्दिरा गान्धी इन्डोर स्टेडियममा **म्यानमारकी थेट हतार थुजार**-लाई पराजित गर्दै महिला एकलको दोस्रो चरणमा प्रवेश गरेकी छिन्।

**मुख्य समाचार पुनः एकपल्ट**

१. **केन्द्रीय वातावरण मन्त्रीले बाह्रौं ब्रिक्स** वातावरण मन्त्रीहरूको बैठकको गर्नुभयो अध्यक्षता
२. हरियाणा प्रहरीले पञ्जाबमा अन्तरराज्यीय बाल तस्करी सञ्जालको गर्यो पर्दाफास
३. **विझिंजम अन्तर्राष्ट्रिय बन्दरगाहमा,** प्रत्यक्ष निर्यात र आयात सञ्चालन आजबाट सुरु
४. सरकारले राष्ट्रिय खेलकुद पुरस्कार **दुई हजार पच्चीस** को गर्यो घोषणा
५. ब्याडमिन्टन विश्व च्याम्पियनसिपमा, भारतकी **उन्नती हुड्डा** दोस्रो चरणमा प्रवेश